नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८

चलानी नं. : ४६८

मितिः- २०७८/०२/२४

विषयः- *मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन पठाइएको सम्बन्धमा ।*

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको "स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन-२०७८" यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोबिन्द के.सी.)
शाखा अधिकृत

*बोधार्थः*

श्री सूचना तथा प्रविधि शाखा,

मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं । ९७७-(१) ४२०००००, ४२००३२३

सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९, इमेल: info@mofaga.gov.np वेबसाइट: http://www.mofaga.gov.np

# स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन
# २०७८

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं

२०७८

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## मन्तव्य

नेपालको संविधानले सङ्घीय गणतान्त्रिक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यबस्था गरेको छ। संविधानले निर्धारण गरेको एकल तथा साझा अधिकारको कार्यसूची अन्तर्गत रही सङ्घ, प्रदेश र स्थानीय तहवाट समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई अवलम्वन गर्दै सङ्घीय शासन प्रणालीको अभ्यास हुँदै आएको छ। तीन तहका सरकारमध्ये जनताको समीपमा रही विकास निर्माण तथा सेवा प्रवाह गर्ने स्थानीय तहको प्रभावकारितामा नै समग्र सरकारको सफलता प्रतिविम्वित हुन्छ। यसर्थ, स्थानीय तहबाट सम्पादन हुने कार्यहरु जनभावना अनुरुप गुणस्तरीय, पारदर्शी, मितव्ययी र प्रभावकारी हुनु बाञ्छनीय रहेको छ ।

स्थानीय तहको आवधिक योजनाले परिकल्पना गरेको लक्ष्य एवम् उद्देश्य हासिल गर्न बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरिन्छ। आवधिक तथा अन्य क्षेत्रगत योजना र बार्षिक बजेट तथा कार्यक्रमबीचको सामञ्जस्यता कायम गर्न, सीमित स्रोत साधनको प्राथमिकिकरण गरी अधिकतम प्रतिफल प्राप्त गर्न एवम् सार्बजनिक वित्त व्यबस्थापनमा कुशलता हासिल गर्नका लागि नेपाल सरकारले अवलम्वन गर्दै आएको मध्यमकालीन खर्च संरचना स्थानीय तहले समेत वार्षिक बजेट तथा कार्यक्रमसाथ तर्जुमा गर्नुपर्ने कानूनी व्यबस्था रहेको छ।

प्रचलित कानूनले अनिवार्य गरेको स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई व्यवस्थित गरी यससम्वन्धी ढाँचा एवम् संरचनामा एकरुपता कायम गर्ने उद्देश्यले मन्त्रालयवाट **"स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन"** तयार गरिएको छ। यस दिग्दर्शनले स्थानीय तहलाई आवधिक योजना, क्षेत्रगत रणनीतिक योजना र बार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी नतिजामूलक र प्रतिफलयुक्त आयोजना तथा कार्यक्रममा स्रोत सुनिश्चिततासहित प्रभावकारी कार्यान्वयनमा थप मद्धत पुऱ्याउनेछ। यसैगरी स्थानीय तहको विकास कार्यक्रमलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी सुनिश्चित गर्न, दिगो विकास लक्ष्य स्थानीयकरण गर्न, समावेशी विकास हासिल गर्न, जलवायु अनुकुलित कार्यक्रम तय गर्न तथा लैंगिक उत्तरदायी बजेट निर्माण गर्नमा समेत यस निर्देशिकाले दिशानिर्देश गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। स्थानीय तहको विशिष्ट अवस्थालाई मध्यनजर गर्दै यथासम्भव सरल र सहज ढाँचा, विधि तथा प्रक्रिया समावेश गरी तयार गरिएको यस दिग्दर्शनको प्रयोगवाट स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयनमा सुस्पष्ट मार्गदर्शन हुने विश्वास लिएको छु।

अन्त्यमा, यस दिग्दर्शनको मस्यौदा तयारीमा संलग्न हुने कार्यदलका संयोजक एवम् सदस्यहरु तथा यस सम्वन्धमा राय, सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने सम्बद्ध सबैलाई धन्यबाद व्यक्त गर्न चाहन्छु।

धन्यबाद

२०७८, वैशाख

गणेशसिंह ठगुन्ना

मन्त्री

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## मन्तव्य

मुलुक सङ्घीय संरचनामा रुपान्तरण भएपश्चात संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही सङ्घ, प्रदेश तथा स्थानीय तहवाट आ-आफ्नो क्षेत्राधिकार अनुरुप विकास निर्माण तथा सेवा प्रवाहका कार्य हुँदै आएको छ। स्थानीय तहको संस्थागत क्षमता बिकास गरी स्थानीय तहबाट प्रबाह गरिने सेवा र बिकास निर्माण कार्यलाई थप प्रभावकारी बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय एबम् सहजीकरणको भूमिका निर्बाह गर्दै आइरहेको छ।

आवधिक योजना तथा वार्षिक बजेट तथा कार्यक्रमबीच सामञ्जस्यता कायम गर्दै प्रभावकारी वित्त व्यबस्थापन गर्ने एक प्रमुख औजारको रुपमा मध्यमकालीन खर्च संरचनाको उपयोग गरिन्छ। अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ ले सङ्घ, प्रदेश र स्थानीय तहले सार्बजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिबार्य रुपमा आगामी तीन बर्षमा प्राप्त हुने श्रोत, गर्नुपर्ने खर्च तथा अपेक्षित नतिजाको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यबस्था गरेको छ। उल्लिखित कानूनी ब्यबस्था कार्यान्वयनको साथै सार्बजनिक बित्तको प्रभावकारी ब्यबस्थापन गरी स्थानीय तहको दीर्घकालिन सोंच तथा आवधिक योजनाले परिलक्षित गरेका उद्देश्य हासिल गर्न पनि स्थानीय तहमा मध्यमकालीन खर्च संरचना निर्माण तथा कार्यान्वयन अनिबार्य रहेको छ।

स्थानीय तहको मध्यमकालीन खर्च संरचना निर्माण र कार्यान्वयन नयाँ अभ्यास भएको हुँदा मन्त्रालयले यस कार्यमा सहजता प्रदान गर्ने उद्देश्यले "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७७" तयार गरेको छ। स्थानीय तहको मध्यमकालीन खर्च संरचनालाई सरल, यथार्थपरक र कार्यान्वयनयोग्य बनाउन यस दिग्दर्शनमा बिषय क्षेत्र/उपक्षेत्रगत नतिजा सूचकको उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी बिषय क्षेत्र/उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने व्यवस्था गरिएको छ। यसैगरी नतिजा सूचक तयार गर्दा स्थानीय तहको आवधिक योजनाको साथै बिषय क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना र दिगो विकास लक्ष्यको स्थानीयकरण समेतलाई आधार लिईएको छ। यस दिग्दर्शनको उपयोगले स्थानीय तहमा वित्तीय अनुशासन कायम गरी सार्बजनिक खर्चको कुशल र प्रभावकारी व्यवस्थापनको माध्यमद्वारा अपेक्षित नतिजा हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७७" को मस्यौदा तयार गर्न गठित कार्यदलका संयोजक एवम् सम्पूर्ण सदस्य, यसमा आफ्नो अमूल्य राय सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने सम्बद्ध सबैप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

धन्यवाद।

वैशाख, २०७८

एकनारायण अर्याल
सचिव

# विषय सूची


**परिच्छेद एक** १

परिचय १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा र उद्देश्य १

  १.२.१ अवधारणा १

  १.२.२ उद्देश्य २

  १.२.३ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्वन्ध ३

**परिच्छेद दुई** ४

कानूनी तथा संस्थागत व्यवस्था ४

२.१ कानूनी व्यवस्था ४

२.२ संस्थागत व्यवस्था ४

  २.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ५

  २.२.२ मध्यमकालीन खर्च संरचना कार्यदल ५

  २.२.३ विषयगत योजना तर्जुमा समितिहरू ५

**परिच्छेद ३** ७

मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ७

३.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण ७

३.२ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ८

  ३.२.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा ८

  ३.२.२ त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आकलन ८

  ३.२.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट ९

  ३.२.४ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण ९

३.२.५ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी १२
३.२.६ विषयगत योजना तर्जुमा समितिहरूमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल १३
३.२.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी १४
३.२.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति १४

अनुसूची १ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य १५
अनुसूची २ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण १६
अनुसूची ३ कार्यक्रम तथा आयोजनाको सांकेतीकरण १७
अनुसूची ४ कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण तथा सांकेतीकरणको आधार तथा प्रक्रिया २१
अनुसूची ५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३७
अनुसूची ६ समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका ३७
अनुसूची ७ मध्यमकालीन खर्च संरचना दस्तावेजको विषयवस्तु तथा ढाँचा ४०
अनुसूची ८ मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत परिच्छेदमा समावेश हुने विषय र ध्यान दिनु पर्ने पक्षहरु ४२

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ।

नेपालमा आ.व. २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो दिग्दर्शन जारी गरेको छ । यस दिग्दर्शनले स्थानीय तहलाई ढाँचा र प्रक्रियामा एकरूपता कायम गरी मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## १.२ अवधारणा र उद्देश्य

### १.२.१ अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत वित्तीय खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ । स्थानीय आर्थिक खाका अनुसार समष्टिगत

र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । संघ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप बिषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ ।

यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework - MTRF ) तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### १.२.२ उद्देश्य

मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,


(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु,

(ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु ।

### १.२.३ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्वन्ध

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आबद्ध गर्दछ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ।

**आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्वन्ध**



# परिच्छेद दुई
# कानूनी तथा संस्थागत व्यवस्था

## २.१ कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो मध्यमकालीन खर्च संरचनामा देहायका विवरणहरू खुलाउनु पर्ने व्यवस्था रहेको छः-

क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य,

ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिको दुई वर्ष आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

घ) प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण,

ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको बार्षिक खर्चसँगको तादम्यता,

छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्न आवश्यक छ।

## २.२ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था गर्नुपर्दछः-

### २.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

*द्रष्टव्यः विषयक्षेत्रगत खर्चको सीमा निर्धारण गर्दा योजना तर्जुमा दिग्दर्शन, २०७५ मा उल्लेख भएबमोजिमका पाँचवटा विषय क्षेत्र र उपक्षेत्रको आधारमा चालु र पुँजीगत खर्चमा वर्गीकरण गर्नु पर्नेछ । साथै प्रशासनिक खर्चलाई सुशासन तथा संस्थागत विकास समिति अन्तर्गत समावेश गर्नुपर्नेछ ।*

### २.२.२ मध्यमकालीन खर्च संरचना कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ, सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, परिमार्जनका साथै महाशाखा/शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो महाशाखा/शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्नेछ

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरू - सदस्य

(ग) योजना विभाग/महाशाख/शाखा/एकाइ प्रमुख - सदस्य सचिव

कार्यदलले आवश्यकता अनुसार बिषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

विषयगत रूपमा एकीकृत रूपमा बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्नु पर्नेछः

(क) विषयगत समितिहरूसँग आवश्यक समन्वय गर्ने,

(ख) मध्यमकालीन खर्च संरचनासम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने,

(घ) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू गर्ने ।

### २.२.३ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा/शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरुले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछ :

(क) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

(ख) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने ।

(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

# परिच्छेद ३
# मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

## ३.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण

मध्यमकालीन खर्च संरचनालाई बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै आवद्ध गरी चरणबद्ध रूपमा तर्जुमा गर्ने व्यवस्था गर्नुपर्नेछ । बार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिका अनुसार गर्नुपर्नेछ :

| क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गते भित्र | विषयगत महाशाखा/शाखा र वडा कार्यालय |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेट मा प्रविष्टि | असार मसान्त भित्र | आर्थिक विकास/योजना महाशाखा/शाखा |

## ३.२ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि नवीन अभ्यास हो । यसका लागि सर्वप्रथम संरचना आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक हुन्छ सोको लागि कार्यपालिकाका सदस्य समेत महाशाखा/शाखाका प्रमुखहरूलाई अभिमुखीकरण गर्नु आवश्यक छ । मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्बन गर्नु पर्ने प्रक्रियागत चरणहरू देहायबमोजिम रहेका छन् :

### ३.२.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

स्थानीय तहले हरेक आर्थिक वर्षको पुस मसान्तभित्र आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार गर्नुपर्नेछ । यस्तो प्रतिवेदन तयार गर्ने कार्य कार्यपालिका, विषयगत महाशाखा/शाखा, वडा कार्यालयसँग छलफल गरी योजना महाशाखा/शाखाले गर्नेछ ।

समीक्षा प्रतिवेदन तथा विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्नुपर्नेछ । स्थानीय आर्थिक खाकामा स्थानीय उत्पादन, रोजगारी, आय र लगानी खाका समावेश भएको हुनु पर्नेछ । स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्नुपर्नेछ ।

### ३.२.२ त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आकलन

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार योजना तर्जुमा भएकोमा सोको प्रक्षेपणको आधारमा र त्यस्तो योजना नभएको अवस्थामा विगत वर्षहरूको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषणको आधारमा आन्तरिक आयको प्रक्षेपण गर्नुपर्नेछ । त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा आगामी आर्थिक वर्षको निमित्त प्राप्त बजेट सीमाको आधारमा प्रक्षेपण गर्नुपर्नेछ । नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मान्नु पर्नेछ । ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी वापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँ/नगरपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गर्नुपर्नेछ । स्थानीय तहको आवधिक योजना कार्यान्वयन हुने गरी गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र

मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा खर्चको आवश्यकताको आकलन तथा प्रक्षेपण गर्नुपर्नेछ ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको बजेटको आकार तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको आकार निर्धारण गर्नुपर्नेछ ।

### ३.२.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा बजेट सीमा निर्धारण गर्नुपर्नेछ । बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा उपलब्धिलाई आधार लिनु पर्नेछ । यसैगरी क्रमागत कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था, आयोजना बैंक तयार भएकोमा सोमा सूचीकृत कार्यक्रम तथा आयोजना र नभएको अवस्थामा सम्भाव्यता अध्ययन वा लागत एकीन भएका कार्यक्रम तथा विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना अथवा सो विवरण समेत तयार नभएको अवस्थामा उपक्षेत्रगत रूपमा स्रोतको बाँडफाँट गर्नु पर्नेछ ।

### ३.२.४ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान र प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकाले छलफल गरी स्वीकृत गर्नुपर्नेछ । यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी विवरण समावेश भएको हुनुपर्नेछ । बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गर्दा चालु आवधिक योजना मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य र उपलब्धीको आधारमा आगामी बर्षको बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउनु पर्ने विषय समावेश गर्नुपर्दछ । स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई तोकिएको समयसीमा भित्र प्रमुख प्रशासकीय अधिकृतले देहायको ढाँचामा सम्बन्धित महाशाखा/शाखा र वडा कार्यालयमा पठाउनु पर्दछ ।

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आगामी पहिलो आ.व.को बजेट सीमा | | | | आगामी दोस्रो आ.व.को खर्च सीमा | | | | आगामी तेस्रो आ.व.को खर्च सीमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १३ | १४ | १५ | १६ |
| **१. आर्थिक विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | कृषि तथा पशुपंक्षि | | | | | | | | | | | | |
| | ............ .................. | | | | | | | | | | | | |
| ख | पर्यटन विकास | | | | | | | | | | | | |
| | .............. ............... | | | | | | | | | | | | |
| **२. सामाजिक विकास** | | | | | | | | | | | | | |
| क | स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
| | ............ .................. | | | | | | | | | | | | |
| ख. | खानेपानी तथा सरसफाई | | | | | | | | | | | | |
| | ............. .............. | | | | | | | | | | | | |
| **३. पूर्वाधार विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | सडक तथा यातायात | | | | | | | | | | | | |
| | ............. .............. | | | | | | | | | | | | |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आगामी पहिलो आ.व.को बजेट सीमा | | | | आगामी दोस्रो आ.व.को खर्च सीमा | | | | आगामी तेस्रो आ.व.को खर्च सीमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ख | आवास र बस्ती विकास | | | | | | | | | | | | |
| | ............ .................. | | | | | | | | | | | | |
| **४. वन तथा वातावरण क्षेत्र** | | | | | | | | | | | | | |
| क | वन तथा हरियाली | | | | | | | | | | | | |
| | ............. ............. | | | | | | | | | | | | |
| ख | वातावरण व्यवस्थापन | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| **५. संस्थागत विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | नीति, कानून र सुशासन | | | | | | | | | | | | |
| | ............. ............. | | | | | | | | | | | | |
| ख | स्रोत परिचालन | | | | | | | | | | | | |
| | ............. ............. | | | | | | | | | | | | |

यसरी बजेट सीमा र मार्गदर्शन पठाउँदा वडा कार्यालयको हकमा विषयक्षेत्रगत सीमा निर्धारण गर्न वा कुनै विषय क्षेत्रमा मात्र बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु पर्ने भएमा सो व्यहोरा मार्गदर्शनमा स्पष्ट रूपमा खुलाई पठाउनु पर्नेछ। स्थानीय तहको विशेष प्राथमिकतामा परेको विषय क्षेत्र/उपक्षेत्र वा क्रमागत कार्यक्रम तथा आयोजनालाई बजेट सुनिश्चित (Earmark) गर्नुपर्ने भएमा विषयगत महाशाखा/शाखा वा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन पठाउँदा सो समेत खुलाई पठाउनु पर्नेछ। यसैगरी स्थानीय तहको परियोजना बैंकमा समावेश भएका वा विस्तृत परियोजना प्रतिवेदन तयार भई वा कूल लागत एकीन भएका बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा आयोजना विवरण तयार गर्नुपर्नेछ।

### ३.२.५ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी

प्राप्त बजेट सीमा र मार्गदर्शन भित्र रही सम्बन्धित विषयगत महाशाखा/शाखाहरूले विषयक्षेत्र मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गर्नु पर्दछ। सो मस्यौदा तयार गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गर्नु पर्नेछ। प्रारम्भिक मस्यौदामा स्थानीय आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा विषय क्षेत्रगत मध्यमकालीन नतिजा खाका तयार गर्नु पर्दछ। विषयगत मध्यमकालीन नतिजा खाकाको ढाँचा **अनुसूची १** मा उल्लेख भए बमोजिम हुनेछ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा कार्यक्रम तथा आयोजनागत विवरण तयार गर्नुपर्ने भएता पनि स्थानीय तहमा कार्यक्रमगत रूपमा बजेट तयार गर्ने पद्धति अवलम्बन नभएसम्मका लागि आयोजना वैंकमा समावेश भएका, विस्तृत परियोजना प्रतिवेदन तयार भएका तथा कुल लागत एकीन भएका क्रमागत अथवा बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा कार्यक्रम/आयोजना विवरण तयार गर्नुपर्नेछ। उदाहरणका लागि आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पशुपन्छी, उद्योग, पर्यटन, सहकारी आदि उपक्षेत्र अनुसार विवरण तयार गर्नुपर्नेछ।

आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनामा समावेश भएका, बस्तीस्तरबाट छनोट तथा वडा समितिबाट प्राथमिकीकरण भएका र गाउँपालिका/नगरपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका कार्यक्रम तथा आयोजनाको सम्भाव्यता अध्ययनका आधारमा कार्यक्रम तथा आयोजना छनोट तथा प्राथमिकीकरण गरी आयोजना बैंक तयार गर्नु पर्दछ। आयोजना बैंकमा समावेश भएका आयोजनाको प्राथमिकताको आधारमा मध्यमकालीन खर्च संरचनाको बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्दछ। आयोजना बैंक तयार नभएको अवस्थामा सभाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदन तयार भएका तथा कूल लागत एकीन भएका

क्रमागत अथवा बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा आयोजना विवरण तयार गर्नुपर्नेछ। कार्यक्रम तथा आयोजना उपक्षेत्रको सक्षिप्त विवरणको ढाँचा **अनुसूची २** बमोजिम हुनेछ । कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा प्रति एकाई लागतको आधारमा कुल लागत निर्धारण गर्नुपर्नेछ । तर उपक्षेत्रगत रुपमा कूल लागत निर्धारण गर्दा चालु तथा पुँजीगत खर्चको आधारमा गर्नुपर्नेछ ।

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रस्तावमा समावेश कार्यक्रम तथा आयोजनाको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, दिगो विकास लक्ष्य, जलवायु संकेत एवम् लैंगिक संकेतको आधारमा सांकेतीकरण गर्नु पर्दछ। रणनीतिक स्तम्भ, प्राथमिकीकरण, दिगो विकास लक्ष्य, लैंगिक संकेत तथा जलवायु संकेत निर्धारण क्रमशः **अनुसूची ३ (क), ३ (ख), ३ (ग), ३ (घ), ३ (ङ) मा** उल्लेख भए बमोजिम हुनु पर्नेछ। स्थानीय गौरवका आयोजना र विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण क्रमशः **अनुसूची ३ (च) र ३ (छ)** मा तोकिएबमोजिम हुनेछ । कार्यक्रम तथा आयोजना प्राथमिकता निर्धारणका लागि विषय क्षेत्र÷उपक्षेत्रगत आधार र प्रक्रिया **अनुसूची ४** मा उल्लेख भएबमोजिम हुनेछ।

विषयगत महाशाखा/शाखाहरूले तयार गरेको विषयगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई कार्यदलले पुनरावलोकन तथा विश्लेषण गरी बजेट सीमा र मार्गदर्शनसँग सामञ्जस्यता भए नभएको एकीन गर्नुपर्दछ । यसका लागि कार्यदलले विषयगत महाशाखा/शाखासँग छलफल गर्नुपर्दछ र विषयगत क्षेत्र/उपक्षेत्रगत खर्च तथा स्रोतको तालमेल र आवश्यकता अनुसार परिमार्जन गर्नु पर्दछ। विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको विवरण **अनुसुची ५** बमोजिम हुनुपर्नेछ। यसरी तयार भएको विषयगत मध्यमकालीन खर्चको संरचनाको मस्यौदालाई कार्यदलले सम्बन्धित विषयगत समितिमा पठाउनु पर्नेछ।

### ३.२.६ विषयगत योजना तर्जुमा समितिहरूमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा र आगामी आर्थिक बर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नुपर्नेछ । यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति र स्थानीय तहको अधिकार क्षेत्र), राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, गाउँपालिका/नगरपालिकाको आवश्यकता र सम्भावना तथा आयोजना बैंकबाट छनौट गरिएका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनु पर्नेछ।

### ३.२.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी

विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहित तयार विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयार गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ। बजेट तथा कार्यक्रम तर्जुमा समितिले खर्चको माग र स्रोत बीच तालमेलको विश्लेषण गरी विषय क्षेत्रगत खर्चको माग र स्रोतको विवरण तयार गर्नुपर्नेछ।

चालु आवधिक योजना तथा विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्नु पर्दछ। आर्थिक खाका तयार गर्दा गत आर्थिक वर्षको यथार्थ अवस्था, चालु आर्थिक वर्षको अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्षको लक्ष्य निर्धारण गर्नुपर्नेछ भने आगामी दोस्रो र तेस्रो आर्थिक वर्षको लक्ष्य निर्धारण गर्दा चालु आवधिक योजनाको लक्ष्यको आधारमा गर्नुपर्नेछ। मध्यमकालीन आर्थिक खाका **अनुसूची ६ (क)** मा उल्लेख गरिए बमोजिम हुनेछ। साथै, स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा **अनुसूची ६ (ख)** को ढाँचामा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्नुपर्नेछ। यसैगरी स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई खर्च तथा स्रोत अनुमान सहितको मध्यमकालीन बजेट खाका तर्जुमा गर्नुपर्नेछ। साथै, विषय क्षेत्रगत सन्तुलन तथा प्राथमिकता कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण हुनुपर्नेछ। यस सम्बन्धी खाका **अनुसूची ६ (ग)** बमोजिम हुनेछ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत एवम् मध्यमकालीन आर्थिक खाका, नतिजा खाका तथा बजेट खाका समावेश गरी मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्नुपर्नेछ। मध्यमकालीन खर्च संरचना दस्तावेजको ढाँचा **अनुसूची ७ र** संरचनाको विषय क्षेत्रगत परिच्छेदमा समावेश गर्नुपर्ने विषय तथा ध्यान दिनुपर्ने पक्षहरु **अनुसूची ८** मा उल्लेख भए बमोजिम हुनेछ।

### ३.२.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत गर्नुपर्नेछ। यसरी कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि वार्षिक बजेट तथा कार्यक्रमको साथमा जानकारीका लागि सभामा पेश गर्नुपर्नेछ।

# अनुसूची १

*(दिग्दर्शनको बुँदा ३.२.५ को पहिलो अनुच्छेदसँग सम्बन्धित)*

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.( व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०../.. | २०../.. | २०../.. |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची २

*(दिग्दर्शनको बुँदा ३.२.५ तेश्रो अनुच्छेदसँग सम्बन्धित)*

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ८ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची ३

*(दिग्दर्शनको बुँदा ३.२.५ को चौथो अनुच्छेदसँग सम्बन्धित)*

## कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकताक्रम | आयोजना संख्या | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | | | | | | | | | | | |
| दोस्रो (P2) | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | दिगो विकास लक्ष्य | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | | | | | | | | |
| २ | शुन्य भोकमरी | | | | | | | | | | |

| संकेत नम्बर | दिगो विकास लक्ष्य | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ३ | स्वस्थ जीवन | | | | | | | | | | |
| ४ | गुणस्तरीय शिक्षा | | | | | | | | | | |
| ५ | लैंगिक समानता | | | | | | | | | | |
| ६ | स्वच्छ पानी र सरसफाई | | | | | | | | | | |
| ७ | आधुनिक उर्जामा पहुँच | | | | | | | | | | |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | | | | | | | | | | |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | | | | | | | | | | |
| १० | असमानता न्यूनीकरण | | | | | | | | | | |
| ११ | दिगो शहर र बस्ती | | | | | | | | | | |
| १२ | दिगो उपभोग र उत्पादन | | | | | | | | | | |
| १३ | जलवायु परिवर्तन अनुकूलन | | | | | | | | | | |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | | | | | | | | |
| १५ | भूसतह स्रोतको उपयोग | | | | | | | | | | |
| १६ | शान्ति, न्याय र सबल संस्था | | | | | | | | | | |
| १७ | दिगो विकासको लागि साझेदारी | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | |

## घ. लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | लैंगिक संकेत | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | | | | | | | | |
| | अप्रत्यक्ष लाभ | | | | | | | | | | |
| | तटस्थ | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## ङ. जलवायु संकेतको आधारमा मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नम्बर | जलवायु परिवर्तन संकेत | गत आ.व.को यथार्थ | | चालु आ.व.को संशोधित अनुमान | | आगामी आ.व.को विनियोजन | | आ.व. २०../.. को खर्च प्रक्षेपण | | आ.व. २०../.. को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष | | | | | | | | | | |
| | अप्रत्यक्ष | | | | | | | | | | |
| | तटस्थ | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## च. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| उपक्षेत्र | आयोजना/कार्यक्रम | गत आ.व.को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को विनियोजन | आ.व. २०../.. को खर्च प्रक्षेपण | आ.व. २०../.. को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **कुल जम्मा** | | | | | | |

**छ. विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| विषय क्षेत्र/ उपक्षेत्र | कार्यक्रम/ आयोजनाको संख्या | ......... को व्यय अनुमान | | | | ...............को खर्च प्रक्षेपण | | | | ................ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | | |

**पुनश्च:** कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण देहाय बमोजिम गर्नु पर्दछ :

* रणनीतिक स्तम्भ - २.६.१ को रणनीतिक स्तम्भमा स्थानीय तहको आवधिक योजनाको आधारमा उल्लेखित जुन रणनीतिसँग यो कार्यक्रम/आयोजना सम्बन्धित छ सो रणनीति नम्बर उल्लेख गर्नुपर्नेछ ।
* प्राथमिकताक्रम - २.६.२ मा विकास कार्यक्रम/आयोजनाको प्राथमिकता १ वा २ मध्ये कुन हो सो अनुरूप P1 वा P2 उल्लेख गर्नुपर्नेछ । प्राथमिकताक्रमको निर्धारण अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।
* दिगो विकास लक्ष्य संकेत - २.६.३ मा विकास कार्यक्रम/आयोजना दिगो विकासका १७ वटा लक्ष्यहरू मध्ये कुन कुनसँग सम्बन्धित छ, सो अनुरूप नम्बर उल्लेख गर्नुपर्नेछ। दिगो विकास लक्ष्य संकेत गर्दा राष्ट्रिय योजना आयोगबाट प्रकाशित दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ ।
* लैङ्गिक संकेत - २.६.४ मा विकास कार्यक्रम/आयोजना लैङ्गिक संकेत दिदा लैङ्गिक समानतामा प्रत्यक्ष सहयोग पुऱ्याउनेलाई १, अप्रत्यक्ष सहयोग पुऱ्याउनेलाई २ र तटस्थलाई ३ दिनुपर्नेछ। लैङ्गिक संकेत निर्धारण अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।
* जलवायु संकेत - २.६.५ मा विकास कार्यक्रम/आयोजना जलवायु संकेत दिँदा अत्यन्त सान्दर्भिकलाई १, सान्दर्भिकलाई २ र तटस्थलाई ३ दिनुपर्नेछ । जलवायु संकेत निर्धारण अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।
* विषय क्षेत्रगत बाँडफाँट - आगामी पहिलो आ.व.को विनियोजन क्षेत्रगत विनियोजनको सीमा भित्र रही गर्ने र सो को चालु, पुँजीगत वा वित्तीय व्यवस्थामा सम्बन्धित महलमा उल्लेख गर्नुपर्नेछ । सो समेतको आधारमा आगामी दोश्रो र तेश्रो आर्थिक वर्षको खर्चको प्रक्षेपण गरी सम्बन्धित महलमा उल्लेख गनुपर्नेछ। यसैगरी हरेक आर्थिक वर्षमा मध्यमकालीन खर्च संरचना तयार गर्दा कार्यान्वयन भएको आर्थिक वर्ष हटाई दुई आर्थिक वर्ष पछिको नयाँ

आर्थिक वर्ष थप गर्दै त्रिवर्षीय चक्रीय रूपमा तयार गर्दै जानु पर्नेछ ।

* खर्च प्रक्षेपण गर्दा आगामी आ.व.मा सम्पन्न हुने आयोजनाका लागि प्रर्याप्त रकमको व्यवस्था गर्ने तथा सो सम्पन्न हुने अवधिपछि रकम व्यवस्था नगर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।
* प्रशासनिक खर्चको हकमा तलब बाहेकको खर्चमा मुद्रास्फितिलाई आधार मान्नु पर्नेछ ।
* स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आकलन गरेको स्रोत तथा बजेट सीमा भित्र रहेर मात्र कुल खर्च प्रक्षेपण गर्नुपर्नेछ ।

## अनुसूची ४

*(दिग्दर्शनको बुँदा ३.२.५ को चौथो परिच्छेदसँग सम्बन्धित)*

## कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण तथा सांकेतीकरणको आधार तथा प्रक्रिया

### १. कार्यक्रम/आयोजना प्राथमिकीकरणका आधार, विधि तथा प्रक्रिया

#### १.१ प्राथमिकीकरण लागि विषय क्षेत्र तथा उपक्षेत्र निर्धारण

विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि आयोजना/कार्यक्रमलाई पाँच वटा प्रमुख विषय क्षेत्रहरूमा वर्गीकरण गरी र त्यसअन्तर्गत पर्ने उपक्षेत्र देहाय बमोजिम छुट्याईएको छ ।

| क्र.सं. | प्रमुख क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | कृषि तथा पशुपन्छी, सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति तथा पर्यटन, सहकारी तथा गरिबी निवारण |
| २ | सामाजिक क्षेत्र | स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद, महिला, बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई |
| ३ | पूर्वाधार क्षेत्र | सडक तथा यातायात व्यवस्था, शहरी विकास, सूचना तथा सञ्चार, जलविद्युत तथा वैकल्पिक ऊर्जा र स्थानीय पूर्वाधार |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | जलाधार संरक्षण, वन तथा भू-संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण |
| ५ | सुशासन तथा संस्थागत विकास | संगठन तथा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, स्रोत परिचालन, सामाजिक उत्तरदायित्व, लेखा परिक्षण, सेवा प्रवाहको मापदण्ड निर्धारण, सुचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय, स्थानीय योजना तथा तथ्याङ्क |

### १.२ प्राथमिकता निर्धारणका लागि अङ्क भार

प्राथमिकीकरणका लागि सबै क्षेत्रमा लागू हुने गरी छ वटा सामान्य आधार तय गरिएका छन् भने प्रत्येक क्षेत्रका लागि छुट्टाछुट्टै दुईवटा क्षेत्रगत आधार तय गरिएको छ। सामान्य आधारलाई कुल ७० अंक र क्षेत्रगत आधारलाई कुल ३० अंक राखिएको छ। प्रत्येक आधारमा आयोजना/कार्यक्रमलाई अंक प्रदान गर्दा देहायअनुसार अंक प्रदान गरिनेछ।

| क्र.स. | योगदान | शीर्षक | अंक |
|---|---|---|---|
| १ | प्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा | अति उत्तम | ३ |
| २ | अप्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा | उत्तम | २ |
| ३ | कम वा सामान्य योगदान गरेमा | सामान्य | १ |
| ४ | योगदान नपुऱ्याएमा | न्यून | ० |

### १.३ प्राथिमकताक्रम निर्धारण

आयोजना/कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा सबै क्षेत्रमा लागू हुने पाँच वटा सामान्य आधारहरू अंक प्रदान गर्नुपर्ने र प्रत्येक क्षेत्रका लागि सम्बन्धित क्षेत्रका दुईवटा आधारमा अंक प्रदान गर्नुपर्नेछ। यसरी सामान्य र क्षेत्रगत आधारहरूबाट प्राप्त अंक जोडी कुल प्राप्ताङ्क निर्धारण गर्नुपर्नेछ। कुल प्राप्ताङ्कमा आयोजना/ कार्यक्रमलाई प्राप्त अङ्कको आधारमा देहाअनुसार प्रथम प्राथमिकता प्राप्त (Priority 1 – P1) र द्वितीय प्रथमिकता प्राप्त (Priority 2 – P2) गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिनेछ,

| क्र. स. | कुल प्राप्ताङ्क | प्राथमिकताक्रम |
|---|---|---|
| १ | ७५ वा सो भन्दा बढी अंक भएमा | पहिलो (P1) |
| २ | ७५ भन्दा कम अंक भएमा | दोस्रो (P2) |

**नोट :** माथि उल्लेख गरिएको आधार बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्रमा दुई तिहाई भन्दा बढी कार्यक्रम/ आयोजना एज्ञ अन्तर्गत परेमा एज्ञ हुनको लागि आवश्यक न्युनतम अंक परिमार्जन गरी प्राथमिकीकरण वा स्तरीकरण (Ranking) गरिनेछ।

### १.४ प्राथमिकता निर्धारणका आधार

#### (क) सामान्य आधार

**१. चालु आवधिक योजनाको फराकिलो आधारको समाबेशी आर्थिक वृद्धिको बिकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने :** (१५ अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- स्थानीय उत्पादन<br>- स्थानीय आय वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**२. स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने :** (१० अंक)

| | | |
|---|---|---|
| क | स्थानीय तहको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आयवृद्धिमा प्रत्यक्ष वा उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**३. दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने :** (१० अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकासको लक्ष्य १ (SDG 1) (सबै प्रकारका गरिबीको अन्त्य)<br>- दिगो विकासको लक्ष्य ८ (SDG 8) को पूर्ण र उत्पादनमूलक रोजगारी प्राप्ति/वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**४. सहभागिताको अवस्था :** (१० अंक)

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहने<br>- नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वा निजी क्षेत्र | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयरुमा योगदान नपुऱ्याउने | न्यून |

## ५. समावेशीकरणमा योगदान : (१० अंक)

### (क) क्षेत्रीय समावेशीकरणमा योगदान (५ अंक)

| | | |
|---|---|---|
| क | ६६% भन्दा बढी बस्ती/टोलहरूलाई प्रत्यक्ष योगदान पुऱ्याउने | अति उत्तम |
| ख | ५०% भन्दा बढी बस्ती/टोलहरूको विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने | उत्तम |
| ग | ३३% भन्दा बढी बस्ती/टोलहरूको विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने | सामान्य |
| घ | ३३% भन्दा कमी बस्ती/टोलहरूको विकासमा मात्र योगदान पुऱ्याउने | न्यून |

### (ख) सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा योगदान : (५ अंक)

| | | |
|---|---|---|
| क | सामाजिक र लैंगिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरण (SDG 5) लाई प्रत्यक्ष तथा उल्लेख्य रूपमा बढावा दिने | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

## ६. आयोजनाको पूर्व कार्य प्रगति, सम्मन्न हुने लाग्ने समय वा कार्यान्वयन तयाररी कार्य (१५ अंक)

| | | |
|---|---|---|
| क | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रमको लागि:<br>- चालु आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको, वा<br>- आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>**नयाँ आयोजनाको लागि** : आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको । | अति उत्तम |
| ख | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रमको लागि:<br>- चालु आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ६५ देखि ८० प्रतिशतसम्म रहेको, वा<br>- आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>**नयाँ आयोजनाको लागि** : आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको । | उत्तम |
| ग | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रमको लागि:<br>- चालु आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० देखि ६५ प्रतिशतसम्म रहेको, वा<br>- आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>**नयाँ आयोजनाको लागि** : आयोजना कार्यान्वयन तयारी कार्य भइरहेको । | सामान्य |

| | | |
|---|---|---|
| घ | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रमको लागि:<br>- चालु आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको, वा<br>- आगामी चार वर्षसम्ममा आयोजना सम्पन्न हुने सुनिश्चित नरहेको वा<br>**नयाँ आयोजनाको लागि :** आयोजना कार्यान्वयन तयारी कार्य नभएको । | न्यून |

**(ख) क्षेत्रगत आधारहरू**

**(अ) आर्थिक क्षेत्र** ( कृषि तथा पशुपन्छी, सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति तथा पर्यटन, सहकारी तथा गरिबी निवारण)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान : (१५ अंक)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान : (१५ अंक)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकासको लक्ष्य ९ (क्म्न ढ) को दिगो समावेशी औद्योगिकीकरण प्रवर्द्धन गर्न, वा<br>- आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न, वा<br>- वस्तु र सेवाको आन्तरिक आपूर्ति व्यवस्थापन गर्न, वा<br>- पर्यटन पूर्वाधार निर्माण र पर्यटक आगमनमा वृद्धि गर्न, वा<br>- मर्यादित कामको प्रवर्द्धन/सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न, वा<br>- राजस्व वृद्धि खर्च व्यवस्थापन गर्न | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**आ. सामाजिक क्षेत्र** (स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद, महिला, बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान: (१५ अंक)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान :** (१५ अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने:<br>- दिगो विकास लक्ष्य ३ (SDG 3) को स्वस्थ जीवन प्राप्तिका लागि बाल मृत्युदर न्यूनीकरण गर्न, वा<br>- मातृ मृत्युदर न्यूनीकरण वा मलेरिया, क्षयरोग, HIVAIDS नियन्त्रण गर्न, वा<br>- दिगो विकास लक्ष्य ४ (SDG 4) को सबैको लागि समावेशी र गुणस्तरीय शिक्षा प्राप्ति गर्न, वा<br>- प्राथमिक एवम् माध्यमिक तहमा छात्रा/छात्रको अनुपात वृद्धि गर्न, वा<br>- नवीन खोज गर्न र प्रविधि प्राप्ति गर्न, वा<br>- दिगो विकासको लक्ष्य ६ (SDG 6) को खानेपानी र सरसफाई सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्न, वा<br>- लैङ्गिक समानता वा सशक्तीकरण गर्न, वा<br>- संस्कृति प्रवर्द्धन गर्न, | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

(इ) **पूर्वाधार क्षेत्र** (सडक तथा यातायात व्यवस्था, शहरी विकास, सूचना तथा सञ्चार, जलविद्युत तथा वैकल्पिक ऊर्जा र स्थानीय पूर्वाधार)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान:** (१५ अंक)

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान :** (१५ अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने :<br>- दिगो विकासको लक्ष्य ७ (SDG 7) को दिगो र आधुनिक ऊर्जा सुनिश्चितता गर्न, वा<br>- दिगो विकासको लक्ष्य ९ (SDG 9) को दिगो सडक र अन्य यातायात र सिंचाई सुबिधा बढाउन, वा<br>- दिगो विकासको लक्ष्य १३ (SDG 13) को जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्न, वा<br>- दिगो विकासको लक्ष्य ११ (SDG 11) को सुरक्षित, सवल, समावेशी र दिगो शहर विकास गर्न | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

(ई) **वन वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र** (जलाधार संरक्षण, वन तथा भू-संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः (१५ अंक)**

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने अति उत्तम | |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान :** (१५ अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने :<br>- दिगो विकासको लक्ष्य २ (SDG 2) को भोकमरीको अन्त्य, खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ति र दिगो कृषि प्रवर्द्धन गर्न, वा<br>- दिगो विकासको लक्ष्य १५ (SDG 15) को वनको दिगो व्यवस्थापन, भूक्षयीकरणको रोकथाम, जैविक विविधताको क्षति रोक्न, वा<br>- आधुनिक भूमि व्यवस्थापन गर्न वा<br>- विपद् व्यवस्थापन गर्न | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

(उ) **सुशासन तथा अन्य क्षेत्र** (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, स्रोत परिचालन, स्थानीय योजना तथा तथ्यांक)

**१. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान:** (१५ अंक)

| | | |
|---|---|---|
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम |
| ख | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा अप्रत्यक्ष र उच्च योगदान पुऱ्याउने | उत्तम |
| ग | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान :** (१५ अंक)

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने:<br>- दिगो विकासको लक्ष्य १३ (SDG 13) को जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्न, वा<br>- दिगो विकास लक्ष्य १६ (SDG 16) को शान्ति सुरक्षा अभिवृद्धि गर्न, वा<br>- सुशासन अभिवृद्धि गर्न, वा<br>- न्यायमा सबैलाई पहुँच बढाउन, वा<br>- जनसख्या व्यवस्थापन गर्न, वा<br>- विपद् व्यवस्थापन गर्न, वा<br>- योजना तथा तथ्याङ्क प्रणालीमा सुधार र सुदृढीकरण गर्न | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

## १.५ कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण अंक निर्धारण तालिका

| विषय क्षेत्रअनुसार कार्यक्रम तथा आयोजनाको नाम | सामान्य आधार (७० अङ्क) | | | | | | | क्षेत्रगत आधार (३० अङ्क) | | जम्मा | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तिब्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउने (१५ अंङ्क) | स्थानीय प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने (१० अंङ्क) | दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने (१० अंङ्क) | सहभागिताको अवस्था (१० अंङ्क) | समावेशीकरणमा योगदान (१० अंङ्क) | | आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य (१५ अङ्क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तीमा योगदान (१५ अंङ्क) | दिगो विकास क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान (१५ अंङ्क) | | |
| | | | | | क्षेत्रीय समावेशीकरण (५ अंङ्क) | सामाजिक समावेशीकरण (५ अङ्क) | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## २. साधारण बजेटको प्राथमिकीकरण

### २.१. प्राथिमकता निर्धारणका आधार

| क्र.सं. | आधार | अंक |
|---|---|---|
| १ | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गर्ने | ५ |
| २ | सुशासन कायम गर्न योगदान पुऱ्याउने | ५ |
| ३ | राजश्व वृद्धि गर्न सहयोगी कार्यहरू | ५ |
| ४ | विकास कार्यमा योगदान पुऱ्याउने | ५ |
| ५ | मानव संसाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने | ५ |
| | जम्मा | २५ |

### २.२. साधरण बजेटको भार प्रदान गर्ने तरिका

| क्र.सं. | योगदान | अंक |
|---|---|---|
| १ | अति उच्च सहयोग पुग्ने | ५ |
| २ | उच्च सहयोग पुग्ने | ३.५ |
| ३ | सामान्य सहयोग पुग्ने | २ |
| ४ | सहयोग नपुग्ने | ० |

### २.३. प्राथमिकताक्रम निर्धारण

| क्र.सं. | कुल प्राप्ताङ्क | प्राथमिकताक्रम |
|---|---|---|
| १ | १७.५ वा सोभन्दा बढि अंक प्राप्त भएमा | पहिलो (P1) |
| २ | १७.५ वा सोभन्दा कम अंक प्राप्त भएमा | दोस्रो (P2) |

## ३. लैंगिक संकेत निर्धारण प्रक्रिया

### पृष्ठभूमि

महिला र पुरुषको आवश्यकता अनुरूप कार्यक्रम र बजेट विनियोजन र्ग लैंगिक उत्तरदायी बजेटलाई माध्यमको रूपमा लिइएको छ। सार्वजनिक स्रोत र साधनको अनुमान, वितरण र उपयोलाई प्रभावकारी तुल्याउन आर्थिक वर्ष २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा ल्याइएको हो। खासगरी महिलाहरूको निर्णयमा अर्थपूर्ण सहभागिता बढाउन, प्राप्त लाभको समानुपातिक वितरण गर्न र रोजगारी बृद्धि गर्न समयको प्रयोगमा गुणात्मक सुधार गर्न लैंगिक उत्तरदायी बजेट प्रणालीले कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्य लिएको छ।

**लैंगिक उत्तरदायी बजेटका मान्यता**

लैंगिक उत्तरदायी बजेट देहाय अनुसारको मान्यतामा आधारित रहेको छ ।

- बजेटका सबै प्रक्रिया र यसले पार्ने प्रभाव लैंगिक रूपमा तटस्थ हुँदैन । बजेट तर्जुमा सम्बन्धी नीतिहरू, राजस्व संकलन र खर्च सबै पक्षहरूमा यो तथ्य लागू हुन्छ ।
- लैंगिक उत्तरदायी बजेटले लैंगिक समानताको नीति एवम् समष्टित आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्दछ ।
- लैंगिक उत्तरदायी बजेट प्रक्रियाको प्रारम्भ नै कार्यक्रम तथा बजेटले महिला र पुरुषमा पार्न सक्ने प्रभावको विश्लेषणबाट हुन्छ । त्यसपछि कार्यक्रम तर्जुमा गर्द लैंगिक पक्षको समायोजन गर्नु पर्दछ ।
- लैंगिक उत्तरदायी बजेटले लैंगिक मूलप्रवाहीकरणलाई कार्यान्वयमा लैजान योगदान पुऱ्याउँदछ ।
- लैंगिक उत्तरदायी बजेट भन्नाले महिला लागि छुट्टै बजेट होइन । बजेट र कार्यक्रमका सबै पक्षहरूमा महिला र पुरुषको सन्तुलित लाभ सुनिश्चित गर्ने प्रक्रिया हो ।

**लैंगिक उत्तरदायी बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने कुराहरू**

लैंगिक उत्तरदायी बजेट तर्जुमा गर्दा निम्नलिखित पाँच चरणहरूमा ध्यान दिनुपर्दछ :

पहिलो : जुन क्षेत्रका लागि कार्यक्रम तथा आयोजना तर्जुमा गर्न लागिएको हो, सो क्षेत्रको वस्तुस्थिति, महिला तथा पुरुषका अवस्था देखाउने खण्डिर्कत सूचना तथा तथ्याङ्क आवश्यक पर्दछ ।

दोस्रो : कार्यक्रम तथा आयोजना तर्जुमा गर्दा, प्राथमिकता निर्धारण गर्दा र छनौट गर्दा ती कार्यक्रमहरूले लैंगिक पक्षलाई यथेस्ट ध्यान पुऱ्याएको छ वा छैन साथै पहिलो चरणमा उल्लिखित अवस्थालाई सम्बोधन गर्ने खालका कार्यक्रमहरू छनौट गरेको छ कि छैन सोको विश्लेषण गर्नुपर्दछ ।

तेस्रो : छनौट भएका कार्यक्रमहरूको लैंगिक संवेदनशील पक्षहरूलाई कार्यान्वयन गर्नका लागि लाग्ने लागतको मूल्याङ्कन गरी प्रर्याप्त बजेट विनियोजन गरिएको छ कि छैन भन्ने कुरा जाँच गर्नुपर्दछ ।

चौथो : यसरी निक्यौल गरेका कार्यक्रमहरूका लागि आवश्यक बजेट उपयुक्त खर्च शीर्षकमा राखेको छ कि छैन जाँच गर्नु पर्दछ । साथै ती कार्यक्रमहरूको कार्यान्वयनबाट हुने उपलब्धिको बारेमा सुनिश्चितता गर्नु जरुरी हुन्छ ।

पाँचौ : छनौट भएका कार्यक्रमहरूको कार्यान्वयनबाट महिलाहरूमा सकारात्मक परिवर्तन आउन सक्दछ भन्ने कुरा सुनिश्चितता गर्नु पर्दछ ।

**लैंगिक उत्तरदायी योजना तर्जुमा र बजेट निर्धारण**

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा परियोजना चक्रका आयोजना/कार्यक्रमको पहिचान, छनौट, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रभाव लेखाजोखाको प्रभावको प्रत्येक चरणमा पर्न सक्ने लैंगिक प्रभावको पूर्व अध्ययन तथा विश्लेषण गर्नु पर्दछ । यसका लागि निर्धारित सूचकांक, उपसूचकांक र कार्यगत परीक्षण सूचीहरूको प्रयोग गर्नु पर्दछ । निर्धारित सूचकांकहरूको आधारमा प्रस्तावित

कार्यक्रम तथा बजेटलाई लैंगिक दृष्टिले विश्लेषण गरी अंकभार दिनुपर्दछ । सो अंकभार अनुसार प्रस्तावित कार्यक्रम तथा आयोजनालाई प्रक्ष्यक्ष लैंगिक उत्तरदायी, अप्रत्यक्ष लैंगिक उत्तरदायी र लैंगिक दृष्टिकोणले तटस्थमा वर्गीकरण गरी सो अनुसार सांकेतीकरण गर्नुपर्दछ । अंकभारको आधारमा देहायअनुसार लैंगिक संकेत निर्धारण गर्नुपर्दछ ।

| लैंगिक वर्गीकरणका आधार | लैंगिक वर्गीकरण | लैंगिक बजेट कोड |
|---|---|---|
| विभिन्न सूचकका लागि निर्धारण गरिएको अंक भारको कुल योग ५० सा सोभन्दा बढी भएमा | प्रत्यक्ष लैंगिक उत्तरदायी | १ |
| विभिन्न सूचकका लागि निर्धारण गरिएको अंक भारको कुल योग २० वा सोभन्दा माथि तर ५० भन्दा कम भएमा | अप्रत्यक्ष लैंगिक उत्तरदायी | २ |
| विभिन्न सूचकका लागि निर्धारण गरिएको अंक भारको कुल योग २० भन्दा कम भएमा | लैंगिक दृष्टिकोणले तटस्थ | ३ |

उपरोक्त अनुसार प्रतिशत निकाल्दा देहायका सूचकाङ्कहरूको आधारमा योजना चक्रको मूल्याङ्कनलाई आधार मानी सकेसम्म सरोकारवाला पक्षहरूको सहभागितामा अङ्क भार दिनुपर्ने हुन्छ। मूल्याङ्कनका सूचक र अङ्क भार यस प्रकार छन् ।

| क.सं. | सूचकहरू | अङ्क भार |
|---|---|---|
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| २ | योजनाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाहरूको रोजगारी र आयआर्जन अभिवृद्धि | ३० |
| ४ | महिलाहरूको रोजगारी र आयआर्जन अभिवृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |

**अङ्क भार दिने तरिका :**

बजेट तर्जुमा प्रक्रियामा निर्धारण गरिने कार्यक्रमहरू लैङ्गिक उत्तरदायी भए नभएको र लैङ्गिक समानताको मूलभूत लक्ष्यमा पुऱ्याउने योगदानको मापन गर्न प्रस्तावित कार्यक्रम र बजेटलाई देहायमा उल्लिखित सूचक तथा उपसूचक र परीक्षण सूचीहरूका आधारमा मूल्याङ्कन गरी अङ्क भार दिनुपर्दछ । आगामी वर्षको लागि बजेट तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाले परीक्षणका आधार पुरा गर्न सके नसकेको हेरी नसकेको भए उक्त आधारहरू पुरा गर्ने प्रयास गर्नु पर्दछ । कतिपय अवस्थामा यसका लागि कार्यक्रममा सामान्य रणनीतिक फेरबदल मात्र पनि प्रयाप्त हुन सक्दछ ।

लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको अधिकारको कटैती होइन नत महिलाको अधिकारको बढोत्तरी नै हो । यस विधिले सन्तुलित विकासका लागि महिला र पुरुष दुबैको जित-जितको अवस्था सिर्जना

गर्दछ। स्थानीय सरकारका कार्यान्वयन एकाइले सम्बन्धित निकायहरूले परीक्षण सूचीलाई नियमित रूपमा हुने तलब भत्ता, दैनिक कार्यालय व्यवस्थापन खर्च, ऋण भुक्तानी आदिमा गरिने विनियोजनमा नभई निश्चित लक्ष्य राखी गरिने कार्यक्रमको सन्दर्भमा प्रस्तुत सूचक उपसूचक तथा सोको परीक्षण सूची प्रयोग गरी कार्यक्रमगत रूपमा प्रत्येक कार्यक्रमलाई लैङ्गिक समानताको रूपमा प्रत्यक्ष लैंगिक उत्तरदायी अप्रत्यक्ष लैंगिक उत्तरदायी र लैङ्गिक रूपमा तटस्थ गरी वर्गीकरण गर्नु पर्दछ।

निर्धारित सूचकहरू एक अर्काको परिपूरकको रूपमा रहे तापनि लैङ्गिक समानताको लागि पुऱ्याउन सक्ने योगदानको प्राथमिकताको आधारमा विकास कार्यक्रमको प्रतिफलमा महिलाको लागि समान प्रतिफलको सुनिश्चितता उल्लेख गरिएकोले ३ नम्बरको सूचकलाई बढी अंक भार र सूचक ५ मा उल्लेखित अवस्था तत्काल आकलन गर्न नसकिने, केबल अनुमान मात्र गर्न सकिने भएको हुँदा सबैभन्दा कम अंक भार दिइएको छ।

## ४. जलवायु परिवर्तन बजेट संकेत निर्धारण प्रक्रिया

**पृष्ठभूमि :**

नेपालमा जलवायु परिवर्तन र त्यसका चूनौतिहरु देखा पर्न थालेको र यसबाट जलस्रोत, कृषि, खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायतका जीविकोपार्जनका संशाधनहरु अध्याधिक मात्रामा प्रभावित हुँदै गइरहेकोले जलवायु परिवर्तनको विषय महत्वपूर्ण र चिन्ताको विषय बनेको छ। यी समस्याको समाधान गर्न तयार गरिएको जलवायु परिवर्तन नीति २०६७ ले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै जलवायु परिवर्तनसँग अनुकुलित हुँदै न्यून कार्बन उन्मुख सामाजिक, आर्थिक विकास पथलाई अबलम्बन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रवर्द्धन गरी जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिइएको छ।

जलवायु परिवर्तनको असर र प्रभाको न्यूनिकरण र अनुकूलनको आवश्यकतालाई समेत दृष्टिगत गरी जलवायु परिवर्तन नीति, २०६७ मा भएको व्यवस्था अनुसार राष्ट्रिय अनुकुलन कार्यक्रम (National Adaptation Program of Action, NAPA) लाई विकास एजेण्डाको रुपमा कार्यान्वयनमा ल्याउन र जलवायु परिवर्तन सम्बन्धी सबै प्रकारका स्थलगत कार्यक्रमहरु कार्यान्वयन गर्दा यस क्षेत्रको कूल बजेटको न्यूनतम ८० प्रतिशत भन्दा बढी रकम स्थानीय स्तरमा पुग्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ। स्थानीय तहमा जाने अनुदान रकमबाट जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रमका लागि समेत निश्चित रकम छुट्याई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन जरुरी छ।

जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको समन्वयात्मक ढंगले प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगानीको वित्तीय रणनीतिक संरचनाको विकास गर्नु जरुरी हुन्छ, जसले लगानीको सुनिश्चितता कायम गर्नुका साथै विभिन्न स्रोतबाट प्राप्त रकमको लगानीलाई पारदर्शी बनाउन सघाउ पुऱ्याओस्। लगानीको वित्तीय रणनीति संरचना निर्माण गर्ने सन्दर्भका जलवायु परिवर्तनका क्षेत्रमा हाल भईरहेका सार्वजनिक खर्च र संस्थागत पुनरावलोकन (Climate Public Expenditure and Institutional Review–CPEIR) ले केही मार्गदर्शन गर्न सक्ने भएकोले विकास बजेटमा जलवायु

परिवर्तन बजेट कोड प्रयोग गर्न सिफारिस गरिएको छ। यसै क्रममा नेपाल सरकारले आर्थिक बर्ष २०७०/७१ देखि जलवायु परिवर्तनको कार्यान्वयनमा ल्याइएको छ।

**जलवायु परिवर्तन कोडको आवश्यकता :**

जनवायु परिवर्तन सम्बन्धी कार्यको समन्वय संघीय तहमा वन तथा वातावरण मन्त्रालयले गरिरहेको भएता पनि अन्य तहका सरकारी निकायहरुबाट पनि जलवायु परिवर्तनसँग प्रत्यक्ष सम्बन्ध भएका जलवायु अनुकुलन वा न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरणका सबै कार्यक्रमहरु संघीय तहमा मात्रै सम्पादन गर्ने गरी समेटिने अवस्था छैन। त्यस्तै अनुसन्धान तथा विकास निर्माण जस्ता शीर्षक अन्तर्गतका विकास कार्यभित्र जलवायु परिवर्तनलाई सम्बोधन गर्ने कार्यहरुमा भएको लगानीउ बारेको एकीकृत जानकारी गराउन नसक्दा जलवायु परिवर्तनको क्षेत्रमा के कति लगानी भएको छ र के कति लगानीको आवश्यकता छ भन्ने एकीन गर्ने स्पष्ट आधार तय गर्न कठिन हुने अवस्था छ। बजेटमा जलवायु परिवर्तनका कार्यक्रमहरु स्पष्ट नदेखिँदा जलवायु परिवर्तनका क्षेत्रमा भएका लगानीको अनुगमनमा कठिनाई पर्ने हुन्छ। जसले गर्दा त्यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आगामी वर्षहरुमा जलवायु परिवर्तनका क्षेत्रमा लगानीको सुनिश्चितता गर्दै योजना तर्जुमा गर्न कठिनाई पर्ने हुन्छ।

जलवायु परिवर्तनले विकासका सबै क्षेत्रहरुलाई असर गर्ने र ती असरहरु एक आवसमा सम्बन्धित र आधारित समेत हुने भएकोले जलवायु परिवर्तनको प्रभावको सामाना गर्न समुदाय लगायत संस्थाहरुको अनुकुलन क्षमता अभिबृद्धि गर्नु आवश्यक छ। साथै जलवायु परिवर्तन र विकास विभिन्न क्षेत्र बीचका सम्बन्धका बारेमा सूचना र जानकारी बढाउँदै लैजानु पर्ने हुन्छ। कुन कुन विषय क्षेत्रका कुन कुन कार्यक्रम जलवायु परिवर्तनमा केन्द्रित छन् वा आगामी दिनमा जलवायु परिवर्तनमा कसरी केन्द्रित हुँदै जानेछ भन्ने बारे जानकारी उपलब्ध हुन सकमा अनुकुलन क्षमता अभिबृद्धिका साथै लगानी बृद्धि गर्न समेत सघाउ पुग्न सक्ने देखिन्छ। साथै जलवायु परिवर्तन र वातावरण व्यवस्थापन कार्यक्रमका बीच रहेको भिन्नता यकिन गरी जलवायु परिवर्तनमा मात्र भएको खर्च छुट्याउने आधारको विकास गर्नु वनि त्यत्तिकै जरुरी छ। यसको लागि जलवायु परिवर्तन बजेट कोडको प्रयोथ गर्नु मनासिब हुने भएको र उक्त कोडको प्रयोगले जलवायु परिवर्तन सम्बन्धी कार्यमा भएको लगानीको प्रभावकारी कार्यान्वयन तथा अनुगमनमा समेत सहयोग पुग्ने भएकोले जलवायु परिवर्तन बजेट कोडको प्रयोग आवश्यक देखिन्छ।

**जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरु :**

देहायका कार्यक्रमहरुलाई जलवायु परिवर्तनसँग सम्बन्धित कार्य मानी ती कार्यक्रमहरुमा विनियोजित बजेट वा भएको खर्चलाई तलके तालिकामा उल्लेख भएबमोजिम जलवायु परिवर्तन बजेट कोड प्रयोग गरिनेछ।

(१) प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिबृद्धि गर्ने कार्यक्रम,

(२) भूउपयोग योजना तथा जलवायु परिवर्तनको असरलाई थेग्न सक्ने (Resiliant) भौतिक पूर्वाधारको विकास कार्यक्रम,

(३) जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थ्यमा देखापर्ने नकारात्मक प्रभावलाई रोकथान तथा नियन्त्रण गर्ने कार्यक्रम,

(४) जलवायु परिवर्तनको कारणबाट खतरामा परेका जीव (Endangered Species) र जैविक विविधताको संरक्षण कार्यक्रम,

(५) हरित गृह ग्यासको उत्सर्जन कम गर्ने गरी गरिएको फोहोरमैला व्यवस्थापन गर्ने कार्यक्रम,

(६) उर्जा, सिंचाई र स्वच्छ खानेपानीको लागि जलश्रोतको दिगो उपयोग गर्ने कार्यक्रम

(७) खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) सँग सम्बन्धित कार्यक्रम,

(८) जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यूनीकरण गर्ने कार्यक्रम,

(९) हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने तथा न्यून कार्बन उत्सर्जन गर्ने उर्जाको प्रयोग गर्नका लागि पुनर्नविकरणीय एवं वैकल्पिक उर्जाको उत्पादन, प्रयोग तथा यससम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम,

(१०) जललायु परिवर्तनसँग सम्बन्धित सुचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवं तथ्याङ्क संकलन व्यवस्थापनको कार्यक्रम,

(११) जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, कानून एवं कार्ययोजना तयार गर्ने कार्यक्रम ।

**जलवायु परिवर्तन बजेट कोडको प्रयोग गर्ने तरिका :**

प्रस्तावित बजेट तथा कार्यक्रममा जलवायु परिवर्तन बजेट कोड प्रयोग गर्दा देहायबमोजिम गर्नुपर्नेछ :

(१) जलवायु परिवर्तनसँग सम्बन्धित माथि उल्लिखित कार्यक्रमहरुलाई मात्र जलवायु परिवर्तन बजेट कोडिङ्ग गर्ने,

(२) प्रस्तावित कार्यक्रम जलवायु परिवर्तनसँग सम्बन्धित भए नभएको उल्लेख गर्न छ वा छैन लेख्ने,

(३) "छ" लेखिएका सबै कार्यक्रमहरुको बजेट जोड्ने र प्रतिशत निकाल्ने,

(४) बजेट प्रतिशतको आधारमा उक्त कार्यक्रम देहायबमोजिम १, २ वा ३ मध्ये कुनमा पर्दछ तय गर्ने,

| बजेट/खर्चको अनुपात | उपदेयता | बजेट कोड (सङ्केत) |
|---|---|---|
| प्रस्तावित कार्यक्रमको ५० प्रतिशत भन्दा बढी बजेट जलवायु परिवर्तनसँग सम्बिन्धित भएमा | अत्यन्त सान्दर्भिक | १ |
| प्रस्तावित कार्यक्रमको २० देखि ५० प्रतिशत सम्म बजेट जलवायु परिवर्तनसँग सम्बिन्धित भएमा | सान्दर्भिक | २ |
| प्रस्तावित कार्यक्रमको २० प्रतिशत भन्दा कम बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा वा प्रस्तावित कार्यक्रम जलवायु परिवर्तनसँग सम्बन्धित नभएमा | तटस्थ | ३ |

# अनुसूची ५

*(दिग्दर्शनको बुँदा ३.२.५ को पाँचौ अनुच्छेदसँग सम्बन्धित)*

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |

# अनुसूची ६

*(दिग्दर्शनको बुँदा ३.२.७ को दोश्रो अनुच्छेदसँग सम्बन्धित)*

## समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका

**क. मध्यमकालीन आर्थिक खाका**

| क.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०../.. | २०../.. | २०../.. |
| १. | बार्षिक उत्पादन | रु. लाखमा | | | | | |
| १.१ | कृषि | रु. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रु. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | | | | | |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## ख. मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०../.. | २०../.. | २०../.. |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | |
| ३ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | संख्या | | | | | |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | | | | | |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | | | | |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | | | | | |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | | | | | |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | | | | | |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | | | | | |
| १० | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | | | | | |
| १२ | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | | | | | |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | | | | |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | | | | |
| १५ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | | | | | |
| १६ | जनजंगलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | | | | | |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | | | | | |
| १८ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | | | | | |
| १९ | पर्यटन आगमन | संख्या | | | | | |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | | | | |

पुनश्चः स्थानीय आवधिक योजनामा उल्लिखित लक्ष्य तथा सूचकका आधारमा तयार गर्नुपर्ने ।

## ग. मध्यमकालीन बजेट खाका

| क्र.सं. | विवरण | गत आ.व. को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०../.. को अनुमान | २०../.. को प्रक्षेपण | २०../.. को प्रक्षेपण | तीन वर्षको कुल |
| १. | **खर्च अनुमान** | | | | | | |
| | चालु खर्च | | | | | | |
| | पुँजीगत खर्च | | | | | | |
| | वित्तीय व्यवस्था | | | | | | |
| | कुल | | | | | | |
| २ | **आय अनुमान** | | | | | | |
| २.१ | आन्तरिक आय | | | | | | |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम | | | | | | |
| | क. नेपाल सरकार | | | | | | |
| | ख. प्रदेश सरकार | | | | | | |
| २.३ | रोयल्टी बाँडफाँट | | | | | | |
| | क. वन रोयल्टी | | | | | | |
| | ख. खानी रोयल्टी | | | | | | |
| | ग. विद्युत रोयल्टी | | | | | | |
| | घ. पर्वतारोहण रोयल्टी | | | | | | |
| | ङ. पानी तथा अन्य रोयल्टी | | | | | | |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख. सशर्त अनुदान | | | | | | |
| | ग. समपूरक अनुदान | | | | | | |
| | घ. विशेष अनुदान | | | | | | |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख. सशर्त अनुदान | | | | | | |
| | ग. समपूरक अनुदान | | | | | | |
| | घ. विशेष अनुदान | | | | | | |
| २.६ | आन्तरिक ऋण | | | | | | |
| २.७ | अन्य अनुदान | | | | | | |
| २.८ | जनसहभागिता | | | | | | |
| २.९ | अन्तर स्थानीय तह साझेदारी रकम | | | | | | |
| २.१० | मौज्दात रकम# | | | | | | |
| | **कुल** | | | | | | |
| | **बचत** (-) **न्यून** (+) | | | | | | |

# अनुसूची ७

*(दिग्दर्शनको दफा ३.२.७ सँग तेश्रो अनुच्छेदसँग सम्बन्धित)*

## मध्यमकालीन खर्च संरचना दस्तावेजको विषयवस्तु तथा ढाँचा

**परिच्छेद १ : परिचय**

१.१ पृष्ठभूमि

१.२ अवधारणा तथा उद्देश्य

१.३ संस्थागत व्यवस्था

१.४ तर्जुमा प्रक्रिया

**परिच्छेद २ : मध्यमकालीन खर्च संरचना**

२.१ पृष्ठभूमि

२.२ सोच, उद्देश्य तथा रणनीति

२.३ मध्यमकालीन आर्थिक खाका

२.४ मध्यमकालीन नतिजा खाका

२.५ मध्यमकालीन बजेट खाका

२.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

- २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण
- २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण
- २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण
- २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण
- २.६.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण
- २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण
- २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**परिच्छेद ३ : आर्थिक क्षेत्र**

३.१ कृषि तथा पशुपन्छी

३.२ सिँचाइ

३.३ भूमि व्यवस्था

३.४ सहकारी तथा गरिबी निवारण

३.५ उद्योग, वाणिज्य तथा आपूर्ति

३.६ संस्कृति तथा पर्यटन

३.७ श्रम तथा रोजगारी

**परिच्छेद ४: सामाजिक क्षेत्र**

४.१ स्वास्थ्य तथा पोषण

४.२ शिक्षा, विज्ञान तथा प्रविधि

४.३ युवा, खेलकुद तथा नवप्रवर्तन

४.४ महिला, बालबालिका तथा समाज कल्याण

४.५ खानेपानी तथा सरसफाई

**परिच्छेद ५ : पूर्वाधार क्षेत्र**

५.१ भवन, आवास, बस्ती तथा शहरी विकास

५.२ सडक तथा यातायात व्यवस्था

५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

५.५ सूचना तथा सञ्चार

**परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन**

६.१ वन तथा जैविक विविधता

६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

**परिच्छेद ७: संस्थागत विकास तथा सुशासन**

७.१ कानून, न्याय तथा सुशासन

७.२ संगठनात्मक विकास तथा मानव संशाधन

७.३ स्रोत परिचालन

७.४ तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

# अनुसूची ८

*(दिग्दर्शनको दफा ३.२.७ सँग सम्बन्धित)*

## मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत परिच्छेदमा समावेश हुने विषय र ध्यान दिनु पर्ने पक्षहरु

### १. पृष्ठभूमि

विषय क्षेत्रसँग सम्बन्धित स्थानीय तहको सन्दर्भ (१ वाक्य), वर्तमान अवस्था (१ वाक्य), दिगो विकास लक्ष्य सम्बन्धमा विषय क्षेत्रगत व्यवस्था (१ वाक्य) र विषय क्षेत्रगत नीति, रणनीति एवम् स्थानीय तहको क्षेत्रगत प्राथमिकता तथा प्रतिबद्धता (१ वाक्य) गरी एक अनुच्छेदमा र बढीमा आधा पृष्ठसम्म हुनुपर्ने ।

### २. समस्या तथा चुनौती

यस क्षेत्रका कार्यक्रम तथा आयोजना कार्यान्वयनमा विद्यमान प्रमुख समस्या दुई वाक्यमा नबढ्ने गरी एक अनुच्छेद तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौती समेत गरी एक अनुच्छेदमा लेख्ने ।

### ३. लक्ष्य

स्थानीय तहको आवधिक योजनामा उल्लिखित विषय क्षेत्रगत लक्ष्य लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको लक्ष्य लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने ।

### ४. रणनीति

स्थानीय तहको आवधिक योजनामा उल्लिखित विषय क्षेत्रगत रणनीति लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको रणनीति लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने । कुनै विषय क्षेत्रमा नयाँ रणनीति समावेश गरेमा सो पनि खुलाउन सकिने ।

### ५. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आवधिक योजनाको आधारमा विषय क्षेत्रसँग सम्बन्धित नतिजा सूचक उल्लेख गर्ने ।

**विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०../.. | २०../.. | २०../.. |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

### ६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार गर्ने ।

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रु. हजारमा)**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |
| २०../.. | | | | | | | | |

## ७. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण भर्दा देहाय अनुसार गर्नुपर्नेछ :

१. परियोजना बैंकमा समावेश भएको, विस्तृत आयोजना प्रतिवेदन, कुल लागत एकीन भई बहुवर्षीय रूपमा कार्यान्वयन हुने आयोजनाको विवरण राख्ने अन्यको हकमा उपक्षेत्रगत विवरण राख्ने ।

२. उद्देश्य संक्षिप्तमा लेख्ने (जस्तैः गरिबी निवारण, क्षमता विकास) ।

३. कार्यक्रम वा आयोजनाको शुरु र समाप्त हुने मिति अनिवार्य रूपमा खुलाउने । विषय उपक्षेत्रगत विवरण भर्दा शुरु तथा समाप्त हुने अवधि खुलाउन नपर्ने ।

४. सालबसाली प्रकृतिका आयोजना वा कार्यक्रम भएमा ३ वर्षको अवधिलाई एक चरण मानी सो अनुसार उल्लेख गर्ने र आयोजना अवधिको कुल लागत उल्लेख गर्ने र सोको पुष्ट्याई दिने ।

५. प्रशासनिक खर्च तर्फ अवधि र लागत उल्लेख गर्नु नपर्ने ।

६. आगामी तीन वर्षको उपलब्धि सूचक उल्लेख गर्दा परिमाण खुलाउने तथा खुलाउन नसकिने प्रकृतिको भएमा छोटो बुँदामा "....... भएको हुने" भन्ने व्यहोरा उल्लेख गर्ने ।

**कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ९. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आकलन तथा सम्बोधन सहित २ वाक्यमा बढीमा एक अनुच्छेद लेख्ने । पहिलो वाक्यमा प्रमुख अनुमान उल्लेख गर्ने र दोस्रो वाक्यमा उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ सो उल्लेख गर्ने ।

# स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन तयारी कार्यदल

| | | |
|---|---|---|
| श्री विष्णुदत्त गौतम, सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा | - | संयोजक |
| श्री दिवाकर लुइटेल, उपसचिव, राष्ट्रिय योजना आयोग | - | सदस्य |
| श्री तुलसी चौंलागाई, उपसचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| श्री महेन्द्रकुमार सापकोटा, उपसचिव, योजना तथा अनुगमन शाखा | - | सदस्य |
| श्री वाबुराम ज्ञवाली, उपसचिव, आर्थिक प्रशासन शाखा | - | सदस्य |
| श्री ऋषिराज आचार्य, उपसचिव, वातावरण तथा विपद् व्यवस्थापन शाखा | - | सदस्य |
| श्री प्रल्हाद कार्की, उपसचिव, विकास सहायता समन्वय शाखा | - | सदस्य |
| श्री डिलाराम पन्थी, उपसचिव, स्थानीय तह समन्वय शाखा | - | सदस्य |
| श्री गोविन्द के.सी., शाखा अधिकृत, योजना तथा अनुगमन शाखा | - | सदस्य-सचिव |